# आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

सुनापति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हिलेदेवी, रामेछाप
बाग्मती प्रदेश,नेपाल
२०८१ असार १०

## सुनापति गाउँपालिका गाउँ सभामा प्रस्तुत आ.व. ०८१/०८२ को नीति तथा कार्यक्रम वक्तव्य

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

सुनापति गाउँपालिकाको गाउँसभामा आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु । यस क्षणमा इतिहासका विभिन्न कालखण्डमा भएका, आन्दोलन ,शसस्त्र संघर्ष , जनयुद्ध र जनआन्दोलनको क्रममा राष्ट्रका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान् शहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु।संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल निर्माण सम्मको चरणमा आइपुग्दा घाइते तथा वेपत्ता पारिएका व्यक्ति,शहिद परिवार प्रति आजको यस सभा मार्फत गहिरो दुःख र सहानुभूति व्यक्त गर्न चाहन्छु।मुलुकको राजनीतिक, आर्थिक एवं सामाजिक परिवर्तनमा युगान्तकारी रुपमा नेतृत्वदायी भूमिका खेल्नु हुने अग्रज नेताहरुप्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु। साथै सुनापति गाउँपालिकाको उपाध्यक्षको हैसियतले आम नागरिकले मलाई प्रदानगर्नु भएको जिम्मेवारीमा हरक्षण निष्ठापूर्वक कर्तव्य पालनामा लागिरहने प्रतिवद्धता व्यक्त गर्दछु।

**गाउँसभा सदस्यज्यूहरु,**

नेपालको राष्ट्रिय हित, आर्थिक, सामाजिक न्याय सहितको लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रहँदै समुन्नत सङ्घीय शासन प्रणालीको माध्यमबाट "**समृद्ध, उद्यमी, सुखी सुनापति : कृषि, पर्यटन र शिक्षा हाम्रो सम्पति**भन्ने मुल नारालाई सार्थक बनाउन गाउँपालिकाको यस नीति तथा कार्यक्रमले सहयोग पुग्ने विश्वास लिइएको छु।यस अवसरमा आजको नीति तथा कार्यक्रमका साथै सुनापति गाउँपालिकाले प्रस्तुत गर्ने विनियोजन ऐन र आर्थिक ऐनको आधारशिलाका रुपमा रहेका आमनागरिक र करदातालाई धन्यबाद व्यक्त गर्दछु।

**गाउँसभा सदस्यज्यूहरु,**

यस गाउँपालिकाको समग्र विकासको पक्षमा ध्यान दिदै आगामी आ.व. २०८१/०८२ को गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरु देहाय बमोजिम रहेको व्यहोरा म यस सम्मानित सभा समक्ष अनुरोध गर्न चाहन्छु।

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- १५ औ आवधिक योजना,

- दिगो विकासका लक्ष्यहरु, (२०१६-२०३०)
- संघ तथा प्रदेशका नीति नियम, ऐन कानुन तथा स्थानीय नीति नियमहरु,
- सुनापतिको आवधिक योजना र मध्यमकालीन खर्च संरचना,
- कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन,
- नेपाल सरकार, प्रदेश सरकार र विभिन्न मन्त्रालयका मार्गदर्शन तथा निर्देशन र सुझावहरु,
- विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धी सम्झौता र प्रतिवद्धताहरू,
- दिगो विकास लक्ष्यमा आधारित भई नेपाल सरकार र बागमती प्रदेश सरकारले प्राथमिकीकरण गरेको योजनाहरू,
- वस्तीगत,टोल विकास संस्था र वडास्तर,संघ संस्थाहरुले गर्ने साझेदारी कार्यक्रम,विषयगत समिति, योजना तर्जुमा समिति हुदै जनताबाट आएका सुझावहरुका आधारमा यो नीति तथा कार्यक्रम तयार पारिएको छ।

**गाउँसभा सदस्यज्यूहरु,**

त्यस्तै यस चालु आ.व. को अवधिमा हामीले लिएका नीतिहरु, सञ्चालन गरेका विकास निर्माण, कला संस्कृति र सम्पदाको संरक्षण, सेवा प्रवाह र सुशासन क्षेत्रमा गरेका प्रयास तथा उपलब्धिहरु मध्ये मुख्य मुख्य विषय र क्षेत्रहरुको बारेमा संक्षेपमा समिक्षा गर्न चाहन्छु।

## १.आर्थिक विकास क्षेत्र

### (क) कृषिः

- बालीको उत्पादन तथा उत्पादकत्वमा बृद्धि र रोजगारको सिर्जनाको निम्ति पकेट विस्तार कार्यक्रम अन्तर्गत मकै पकेट , च्याउ पकेट निरन्तरताको कार्यक्रम सम्पन्न गरियो । यस कार्यक्रम अन्तर्गत सिंचाईको निम्ति सिमेन्टेड पोखरी, पलास्टिक पोखरी,कृषिमा आधुनिकीकरण र व्यवसायीकरणको निम्ति ५ वटै वडामा ३६ वटा हाते ट्र्याक्टर विभिन्न कृषक समुहलाई वितरण गरिएको छ ।
- सुन्तला जात फलफूलहरुमा लाग्ने औसाँ किरा र मकै बालीमा लाग्ने फौजी किराको नियन्त्रणका लागि बाली संरक्षण कार्यक्रम सञ्चालन गरी विषादि वितरण कार्यक्रम र (गोलभेडा, काँक्रो, घ्यू सिमी, तने बोडी, करेला, जुकिनी, भण्टा आदि)को विउ विजन वितरण कार्यक्रम सम्पन्न गरिएको छ।

- कृषि पशुपन्छी तथा मत्स्य विषयका तथ्यांक नियमित संकलन, प्रशोधन, विश्लेषण, तथा अभिलेखिकरण गरी उत्पादन र उत्पादमकत्व बृद्धिको निमित कार्य गरिएको छ।
- कृषि सूचनाको प्रसारलाई सुढूढ बनाउनको निम्ति ५ वटै वडामा ७४ वटा समूह गठन गरी कृषि उपजको उचित मूल्य पाउने वातावरण सिर्जना गर्नको निम्ति सोलार ड्राई मेसिन निर्माण गरिएको छ।

**(ख) पशुः**

- बंगुर प्रवर्द्धन कार्यक्रम अन्तर्गत  खोर निर्माण ,२० वटा पाठा पाठी र १० वटा माउ तथा १ वटा कम्बाइन मिल खरीद कार्यक्रम सम्पन्न गरिएको छ।
- कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरी पशुहरुको नश्ल सुधार गरिएको छ।
- व्यवसायीक कृषकहरु लाई थप प्रेरित गर्न उत्पादनमा आधारित कुखुरा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ।

**(ग) उद्यम विकासः**

- खनियापानीमा ४५ दिने सिलाई कटाई सम्बन्धी र हिलेदेवीमा ३५ दिने गलैंचा बुनाई सम्बन्धी पुनतार्जगी सीप विकास तालिम सञ्चालन गरिएको छ।
- साझा सुविधा केन्द्र तथा उधमीले उत्पादन गरेका उत्पादित वस्तुहरुको संकलन गर्नको लागि गाउँपालिका नजिकै कोसेली घर स्थापना गरिएको छ।

**(घ) पर्यटनः**

- पर्यटन क्षेत्र अन्तर्गत लहरेमानेमा माने निर्माण कार्य निर्माणाधिन रहेको र सुनापति मन्दिर क्षेत्रमा थप कार्य गर्न विस्तृत अध्ययन सम्पन्न भएको छ।

**(घ) रोजगार सेवा केन्द्रः**

- आ.व. २०८०/०८१ को लागि वेरोजगार सूचीकरण कार्य सम्पन्न भएको छ ।जसमा महिला २१९ र पुरुष ५१९ गरी कुल ७३८ जना वेरोजगार सूचीकरण भएका छन् ।
- गाउँपालिकाको रोजगार रणनीति तयारी भएको छ।

- वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको पुनः एकीकरण कार्यक्रम अन्तरगत लाभग्राही सूचीकरण सम्पन्न गरिएको छ जसमा कुल १३५ जना सूचीकरण भएका छन्।
- चालु आ.व.मा कुल ८१ जना वेरोजगारहरुले आंशिक रोजगार पाईरहेको अवस्था छ।

**गाउँसभा सदस्यज्यूहरु,**

**२.सामाजिक विकास क्षेत्र**

**(क) शिक्षाः**

- गाउँपालिका अन्तरगतका विद्यालयहरूको शैक्षिक सुधारका लागि विषयगत शिक्षकहरूको रोष्टरबाट नियमित अनुगमन निरीक्षण गर्ने र सबै परीक्षाको प्रश्नपत्र पालिका स्तरीय बनाउने गरिएको छ ।
- परीक्षा प्रणालीलाई मर्यादित र व्यवस्थित बनाउन कक्षा ८ को परीक्षा केन्द्रीकृत गरिएको छ र कक्षा १,३ र ५ को सिकाइ उपलब्धि परीक्षा सञ्चालन गरी स्तर मापन गरिएको छ ।
- विद्यालय, शिक्षक र विद्यार्थीलाई प्रोत्साहन गरी सिकाइ उपलब्धि वृद्धिमा सघाउ पुर्‍याउन कक्षा १, ३ र ५ को सिकाइ उपलब्धि परीक्षा तथा कक्षा ८ र एस.इ.इ नतिजाका आधारमा पुरस्कृत गर्ने गरिएको छ ।
- पालिका भित्रका सम्पूर्ण माध्यमिक विद्यालयमा आवास सहितको व्यवस्थापनका लागि विद्यालय छात्रावासको अनुदान उपलब्ध गराइएको छ ।
- विद्यालयका शिक्षक, कर्मचारीको पेशागत विकासका लागि विभिन्न तालिम सञ्चालन गरिएको छ, साथै विद्यालय कर्मचारी, वालविकास सहयोगी कार्यकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालिकालाई काम प्रति अभिप्रेरित गर्न प्रोत्साहन भत्ताको व्यवस्था गरिएको छ ।
- विकास साझेदारसँगको सहकार्यमा विद्यालयलाई बालमैत्री बनाउनुका साथै बालविकास सहयोगी कार्यकर्ता एवम् शिक्षकहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिएको छ।
- विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धिमा थप टेवा पुर्‍याउनका लागि वडा स्तरीय शिक्षा समिति गठनको नीतिगत व्यवस्था गरिनुका साथै सबै विद्यालयमा निःशुल्क इन्टरनेटको व्यवस्था गरिएको छ ।

(ख) स्वास्थ्यः

- सबै वडामा बर्थिंग सेन्टर स्थापना र संचालन गरी गर्भवती र प्रसुती अवस्थामा हुनसक्ने मातृ मृत्युको जोखिम न्यूनीकरण गरिएको छ|
- बर्थिंग सेन्टरमा सुत्केरी हुन आउने सेवाग्राहीहरुलाई यातायात खर्च स्वरूप रु २००० र ४ पटक गर्भ जांच गराए वापत थप रु. ८०० नगद प्रदान गरिएको छ |
- बालबालिकाहरुमा कुपोषणको अवस्था हुन नदिन ,हरेक स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुलाई तालिम प्रदान गरी नियमित लेखाजोखा गरी कुपोषित बालबालिकाहरुलाई उपचार र परामर्श प्रदान गरिएको छ|
- गर्भवती तथा सुत्केरी महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिएको छ |
- पूर्णखोप पालिका सुनिश्चित गर्ने सम्पूर्ण प्रक्रियाहरु सम्पन्न गरिएको छ |
- घुम्ती शिविर मार्फत हरेक वडामा पुगी दिर्घ रोगी र ज्येष्ठ नागरिकहरुको प्रेसर, सुगर आदि जांच गरी उपचार र परामर्श सेवा प्रदान गरिएको छ |
- दिर्घ रोगीहरुलाई कार्यविधि बमोजिम मासिक रुपमा औषधोपचार खर्च वापत रु १०,००० यातायात खर्च, घुम्ती शिविर मार्फत हरेक वडामा पुगी गर्भवती महिलाहरुलाई भिडियो एक्स रे सेवा र हरेक विद्यालयमा बिद्यालय स्वास्थ्य  पोषण कार्यक्रम अन्तर्गत जुकाको औषधि र किशोरीहरुलाई IFA चक्की खुवाउने कार्यक्रम सञ्चालन गरिएको छ |
- १० बेड हिलेदेवी अस्पताल भवन निर्माण सम्पन्न भई आधारभुत स्वास्थ्य सेवामा पहुँच पुर्याउन आवश्यक जनशक्ति र अस्पतालको व्यवस्थापन गर्ने कार्य सम्पन्न भएको र सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ |

(ग) महिला विकासः

- ६० वर्ष माथिको ३७८ जेष्ठ नागरिकहरुलाई जेष्ठ नागरिक परिचयपत्र र २१ जना अपाङ्गता भएको व्यक्तिहरुलाई अपाङ्ग परिचयपत्र वित्तरण गरिएको छ।
- महिनावारी छुवाछुत तथा जातीय विभेद विरुद्द सचेतना कार्यक्रम मार्फत १८० जना महिलाहरु,बालमैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रम अन्तर्गत २५० जना बालबालिका र १०० जना अभिभावक तथा सरोकारवालाहरुलाइ अभिमुखीकरण अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- १० जना बुवा आमा विहिन बालबालिकाहरुलाई भत्ता वित्तरण गरिएको छ।

गाउँसभा सदस्यज्यूहरु,

३. पूर्वाधार विकास क्षेत्रः

(क) पूर्वाधारः

- पालिका गौरवको आयोजना अन्तर्गतको वडा कार्यालय परिसर व्यवस्थापन तथा सडक निर्माण सुनापति ०२ को सम्पन्न अवधि अगावै कार्य सम्पन्न भएको,गुन्सी पोखरी चौर आहाल मर्मत योजना ठेक्का प्रक्रियामार्फत अगाडि बढाइएको र कामा खोला चौरी खोला सामुदायिक खानेपानी आयोजनाको पाइप तथा पम्प खरिद कार्य अन्तिम चरणमा पुगेको छ।
- खनियापानी र खाँडादेवी जोडने घट्टे खोला दोभान तथा हिलेदेवी र दिमिपोखरी जोड्ने कामा खोला दोभानमा झोलुङ्गे पुल निर्माणको कार्य अन्तिम चरणमा रहेको,

वडा नं.०१ को नयाँ प्रशासनिक वडा भवन निर्माणको कार्य सम्पन्न भइसकेको छ र आगामी आ.व.२०८१/०८२ देखि हरेक वडामा आफ्नै प्रशासनिक भवन बाट सेवा प्रवाह गरिने भएको छ।

विभिन्न वडाका ८ वटा स्थानमा सार्वजनिक शौचालयको निर्माण कार्य सम्पन्न भएको छ।

- शैक्षिक पूर्वाधार विकासका लागि विभिन्न विद्यालयहरूमा स्टेज, रेलिङ र वाल लगायतका निर्माण कार्य सम्पन्न भएको छ।
- धर्म संस्कृति प्रवर्द्धनको लागि विभिन्न स्थानमा मन्दिर तथा छ्योर्तेन निर्माणको कार्य सम्पन्न भएको छ।
- विभिन्न समारोह सञ्चालन गर्नको लागि विभिन्न स्थानमा जम्मा ९ वटा सामुदायिक भवन निर्माण गरिएको छ।
- विभिन्न वडाका उपभोक्ता समितिहरूको कार्य सहजताको लागि हरेक वडामा १ दिने अभिमुखीकरण कार्य सम्पन्न गरिएको छ।
- खानिखोला पालिका लिफ्ट खानेपानी आयोजनाको लागि बोलपत्र आहवान गरिएको छ।
- पर्यटन प्रवर्दन गर्ने उद्देश्यले विभिन्न स्थलहरुमा जम्मा ५ वटा पार्कहरुको निर्माण गरिएको छ।

(ख) वातावरण तथा विपद व्यवस्थापन

✓५ वटै वडाको सडक सरसफाई तथा विपन्न नागरिकको औषधि उपचारको लागि यातायात खर्च वापतको रकम विपद कोषबाट वितरण गरिएको छ।

गाउँसभा सदस्यज्यूहरु,

## ५.संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र

### (क) प्रशासनः

- प्रचलित कानूनको अधिनमा रही गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाह र विकास निर्माण तथा कर्मचारीहरूको वृत्तिविकास समेतलाई मध्यनजर गरी गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्ने कार्य सम्पन्न भई प्रदेश बाट स्वीकृतिको चरणमा रहेको छ।
- गाउँपालिकाको कार्यालयमै आएर लिनुपर्ने सेवालाई जनताको घरदैलोमा पुर्याउने उदेश्यले एकीकृत घुम्ती शिविर सञ्चालन गरिएको छ।जसमा विभिन्न सेवाका जम्मा ९०० सेवाग्राहीले सेवा लिएका छन्।
- गाउँपालिकाको कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, कृषि लगायतका विविध विषयमा जनतालाई सुशासनको प्रत्याभुति दिन सार्वजनिक सुनुवाई गरिएको छ।
- पालिकाको कार्यसम्पादनलाई प्रभावकारी रुपमा सञ्चालन गर्न वार्षिक कार्य पात्रोको व्यवस्था गरिएको छ।
- सेवाग्राहीहरूको सूचनाको हक कार्यान्वयन गर्न र सेवा प्राप्तीको सहजताको लागि नागारिक वडापत्र अद्यावधिक गरिएको छ।
- सेवा प्रवाहलाई चुस्त, दुरुस्त र पारदर्शिताको लागि विधुतीय हाजिरी, CCTV क्यामेरा जोड्ने कार्य र जानकारीको लागि कार्यालयको कोठा/सेवा सम्बन्धी जानकारी बोर्डको व्यवस्था गरिएको छ।

### (ख) न्यायः

- न्यायिक समितिमा दर्ता भएको ६ वटा विवाद मध्ये ६ वटै विवादलाई समाधान गरी शतप्रतिशत विवादको निरुपन गर्न सफल भएको छ।

- बार्षिक नीति तथा कार्यक्रम अनुरुप पालिका अन्तर्गत रहेका मा.वि हरुमा गई ७०० जना भन्दा बढि विधार्थीहरुलाई न्यायिक सचेतना कार्यक्रम संचालन गरिएको र पालिकामा सुचिकृत मेलमिलापकर्ताहरुलाई पूनर्ताजगी तालिम संचालन गरिएको छ।

**(ग) राजश्वः**

- आ.व. २०८०/०८१ मा ३० लाख राजश्व संकलन गर्ने प्रक्षेपण गरेकोमा हाल सम्म प्रक्षेपण गरेको भन्दा ८ लाख बढी संकलन गरी लक्ष्य भन्दा करिब २७% बढी संकलन भएको छ।सम्पुर्ण करदाता र कर संकलन गर्ने कर्मचारी लाई धन्यवाद व्यक्त गर्न चाहन्छु।

**(घ) सामाजिक सुरक्षा तथा पञ्जीकरणः**

- सामाजिक सुरक्षा भत्ता नलिने लाभग्राही वडा न. ३ को भिम बहादुर मानन्धरलाई सम्मान गरि सामाजिक सुरक्षा भत्ता नलिने लाभग्राही लाई प्रोत्साहन गर्ने कार्यको सुरुवात भएको छ।
- सामाजिक सुरक्षा भत्ता सहज वित्तरण कार्यक्रम अन्तर्गत वडा न १ २ र ५ मा बैकको पहुचबाट टाढा रहेकोले ९० वर्ष भन्दा माथिको जेष्ठ नागरिक र पूर्ण अपाङ्गहरुलाई वडा कार्यालयमा गई १८३० जनालाई तीन पटक सामाजिक सुरक्षा भत्ता वित्तरण गरिएको छ र ५० वर्ष पुरा भएका एकल पुरुष र वृद्ध कन्याहरुको लागि मासिक रु.१०००/- (एक हजार मात्र) दरले ११६ जनालाई भत्ता वित्तरण गरिएको छ।

**गाउँसभा सदस्यज्यूहरु,**

आ.व. २०८१/०८२ का लागि विषयगत निति तथा कार्यक्रमहरु यस प्रकार रहेका छनः

क्षेत्रगत नीतिहरु

**१.आर्थिक विकास क्षेत्र**

(क)कृषि

१.खाद्यान्न बालीमा आत्मनिर्भर बनाउने हेतुले पालिका भित्रका सम्पूर्ण किसानहरुलाई समयमा नै गुणस्तरीय उन्नत जातको बिउ लगायत बालीमा देखिने सबै किसिमको समस्याको न्युनिकरण र सहजिकरण गर्न खाधान्न वाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

२.यस गा.पा. भित्र निर्वाहमुखी कृषि कार्य गरिरहेका कृषकहरुलाई थप व्यवसायी बन्न प्रेरित गर्दै गा.पा स्तरीय कृषि उपज उत्पादनमा वृद्धि गराई कृषकहरुलाई उत्पादनमा आधारित कार्यक्रम लागु गरीनेछ ।

३.कृषिमा आधुनिकिकरण र व्यवसायीकरण गर्नको लागि आवश्यक उपकरण जस्तै हाते ट्रयाक्टर ,थ्रेसर,मिल, सौर्य उर्जायुक्त ड्राई मेशिन, प्लाष्टिक पोखरी, थोपा सिंचाई आदि प्रविधि अनुदान दिन कृषि प्रविधि हस्तान्नतरण कार्यक्रम सञ्चालन गरिनेछ।

४.कृषकहरुले बाली बिरुवाको समस्याहरुको उपयुक्त तवरबाट उपचार प्राप्त गर्न सकिरहेका छैनन् साथै विषादी कति मात्रामा प्रयोग गर्ने र कसरी प्रयोग गर्ने भन्ने ज्ञानको अभाव विद्यमान रहेको हुनाले सम्पूर्ण खाद्यान्न बाली, तरकारी, फलफूल तथा बोटबिरुवाहरुलाई संरक्षण गर्न बाली शिविर तथा विषादी प्रयोग सम्बन्धि तालिम सञ्चालन गरी विषादी वितरण गर्न बाली संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

५.गठन भएका कृषक समूहहरुलाई सधै सक्रिय बनाउनको लागि वडा स्तरीय र पालिका स्तरीय सञ्जाल गठन गरिनेछ र कृषिमा आएका नयाँ प्रविधि र सूचना किसान समक्ष पुऱ्याइनेछ ।

६.हिउँदे ,वर्षे र बेमौसमी तरकारीको खेती गरि तरकारीमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन तरकारी बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

७. सेतो मकै, टिमुर, सिस्नु लाई प्याकेजिङ र ब्राणडिङ्ग गरी बजारीकरण गर्न आवश्यक पहल गरिनेछ।

८. सुनापति, दोरम्बा शैलुङ र खाँडादेवी गाउँपालिकाको संगम स्थल गाल्पा बजारमा तिन वटै पालिकाको समन्वयमा चिस्यान केन्द्र निर्माण गर्न संघ र प्रदेश सरकार सँग बजेट मागको लागि आवश्यक पहल गरिनेछ।

९.आलि देखि थाली सम्म कृषि उपजको उचित मूल्य पाउने वातावरण सिर्जना गर्नको निम्ति सामग्रीहरुको प्याकेजिङ र लेबलिङ मा अनुदान प्रदान गरीनेछ ।

१०.हाल आएर नेपालमा रैथाने बालीहरु दिनप्रतिदिन लोप हुदै गइरहेका छन् भने बालीको खेती, उपयोग र संरक्षण ज्ञान पनि कम हुदै गएको छ।यसै कुरालाई मध्य नजर गरेर कृषि जैविक विविधता मेला कार्यक्रम सञ्चालन गरी कृषकहरुलाई यस सम्बन्धि जानकारी गराउने छ।

११.गाँजा खेतीको लागि सम्भाव्यता अध्ययन तथा अनुसन्धान कार्य अघि बढाइने छ।

१२.बहुमूल्य बुद्धचित्तको खेतीलाई व्यवसायिक रुपमा अगाडि बढाउन "एक सदस्य एक बुद्धचित्त, विधालय र समुदायको बगैचा भित्र" भन्ने अभियान अगाडि गरि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

१३.वडा तहमा आवश्यकता अनुसारको कृषि पकेट क्षेत्र बनाई विशेष प्रोत्साहन सहितको सहुलियतको कार्यक्रम ल्याइनेछ।

(ख)पशु सेवाः

१. यस पालिका भित्रको सबै वडामा रहेको सेवा केन्द्रहरु मार्फत कृषकहरुको पशुपंछीलाई उपचार तथा खोप सेवा प्रदान गरी उत्पादनमा बृद्धि गराउने छ।
२.कृत्रिम गर्भाधान सेवा सञ्चालन गरी यस पालिका भित्रका कृषकहरुले पालन गरेका गाई भैसी र बाख्राको नश्ल सुधार गरी उत्पादन र उत्पादकत्व बढाइने छ।
३.उपचार सेवाको पहुंचमा नरहेको कृषकहरुको पशुपंछीमा आन्तरिक तथा बाह्य परजीबि नियन्त्रण , बन्ध्याकरण , खोप तथा विशेषज्ञ सेवा उपलव्ध गराइने छ।
४.दूध ,अण्डा र मासु जस्ता उत्पादनलाई प्रवर्दन गरी ग्रामिन स्तरमा पोषण र आयस्तर बृद्धि हुनका साथै गाउँपालकाको आर्थिक बिकाशमा टेवा पुऱ्याउन उत्पादनमा आधारित पशुपालन प्रवर्दन कार्यक्रम सञ्चालन गरिने छ।
५. कृषहरुको ज्ञान , शीप र प्रतिस्पर्धात्मक क्षमताको बिकास गर्न पशुपंक्षी पालन तथा व्यवस्थापन तालिम सञ्चालन गरिने छ।

गाउँसभा सदस्यज्यूहरु,

(ग)उद्यम विकासः

१. दिगो विकास अन्तर्गत गरिवी न्यूनिकरण गर्ने लक्ष्यलाई आत्मसात्त गर्दे गरिब सँग स्थानीय सरकार कार्यक्रम अन्तर्गत थाङ्का र गलैचालाई रोजगारको हवको रुपमा विकास गर्न हाम्रो उत्पादन हाम्रो अभियान कार्यक्रम अगाडी बढाइनेछ।
२. स्थानीय स्तरमा उत्पादन भएका फलफुल को जुस, जाम तथा उद्योगको स्थापना गरिनेछ।
३. लघु उघम विकास कार्यक्रम अन्तर्गतका उत्पादन भएका उद्यमीहरुलाई समेटेर सिलाईकटाई, साबुन,धुप, जस्ता उत्पादनका घरेलु उद्योगको स्थापना गरी संचालन गरिनेछ।
४. मुल्य शृङखला अवधारणामा आधारित भएर लघु उद्यम तथा उद्यमीहरुलाई प्राथमिकता दिने नीति कार्यन्वयन गरिनेछ।
५. सुनापति गाउँपालिका भित्र दर्ता तथा सुचिकरण नभई संचालनमा रहेका व्यावसायहरुलाई दर्ता गराई व्यावसाय संचालन गर्न प्रोत्साहन गरिनेछ।

(घ)सहकारी क्षेत्रः

१. सुनापति गाउँपालिका भित्र दर्ता भएर संचालनमा रहेका सहकारीहरुको क्षमता विकासको लागि सहकारी विकास तथा व्यवस्थापन र सहकारीको लेखा व्यवस्थापन तालिम संचालन गरिनेछ ।
२. दर्ता भएर संचालनमा नरहेको सहकारीहरुको समस्या पहिचान गरि सम्भव भए सम्म समायोजन र समायोजन हुन सम्भव नभए नियमानुसार खारेजीको प्रकृयामा लगिनेछ ।
३. सहकारी संस्थाहरुको संस्थागत रुपमा फाईल खडा गरी विवरण अध्यावधिक गरि व्यवस्थीत गरिनेछ ।
४. सहकारीहरुको नियमित अनुगमन गरिनेछ ।
५. संचालनमा रहेका सहकारीहरुमा Software बाट हिसाव राख्ने व्यवस्थाकालागि सहजीकरण गरिनेछ ।
६. विषयगत सहकारीहरुलाई व्यवसायी हुनको लागि प्रेरित गरिने छ ।

(ङ)सुरक्षित आप्रवासन कार्यक्रम सामी

१.वैदेशिक रोजगारीमा गएका परिवारका सदस्यहरुलाई सामी कार्यक्रम मार्फत वित्तिय साक्षरता प्रदान गरि उनीहरुले प्राप्त गरेको विप्रेषणलाई सदुपयोग गर्न प्रोत्साहन गरिनेछ । र आवश्यक परेको अवस्थामा मनोसामाजिक परामर्श प्रदान गरिनेछ।

२..गाउँपालिका क्षेत्रभित्रका बैंक तथा वित्तीय संस्थाहरु, सहकारी संस्थाहरु, गैरसरकारी संस्थाहरु र निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गरी वित्तीय साक्षरतालाई अभियानको रुपमा सञ्चालन गरिने छ ।

३.आर्थिक विकास र सशक्तिकरणको लागि कुनै पनि समुदायको वित्तीय समावेशीकरण बढाउनु पूर्व शर्त नै हुने भएकोले व्यावसायिक क्षमता र व्यावसायिक सोच निर्माण गर्न युवा, किसान र महिला उद्यमीहरु जस्ता लक्षित समूहहरुका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न सम्बन्धित विभिन्न संघ-संस्थाहरुसँग साझेदारी गरिने ।

**(च) पर्यटनः**

- सुनापति पर्यटन प्रवर्द्धनको लागि विभिन्न ऐतिहासिक मठ मन्दिर, गुम्बा, छोर्तेन, मुर्ति निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ।
- **"सुनकोशीको तिरः सुनापतिको सिर घुम्न आउनु सुनापति छैन कुनै पिर"** भन्ने अभियानका साथ पर्यटन प्रवर्द्धनको लागि सुनकोशी नदिमा र्‍याफटिङ र सुनापति डाँडा बाट प्यारागलाईडिङ सञ्चालन गर्न निजी क्षेत्र सँग समन्वय गरि सुरुवात गर्न पहल गरिनेछ।

**गाउँसभा सदस्यज्यूहरु,**

**२.सामाजिक विकास क्षेत्रः**

(क) शिक्षाः

१. शैक्षिक सत्र २०८१ लाई शैक्षिक सुधार वर्षको रुपमा कार्यान्वयन गरिनेछ ।

२. विकास साझेदारहरूसँगको साझेदारीमा विद्यालयमा प्रारम्भिक वालविकास तहका वालवालिकाका लागि शैक्षिक सामग्री वितरणको व्यवस्था मिलाइनेछ ।

३. प्रारम्भिक वाल शिक्षा देखि कक्षा ३ सम्म मातृ भाषामा अध्ययन अध्यापन गराउन आवश्यक प्रवन्ध गरिनेछ।

४. गाउँपालिकाद्वारा सञ्चालन गरिने उपलब्धि परीक्षा(Achievement Test), कक्षा ८ तथा SEE

नतिजाका आधारमा उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थीलाई सम्मान गरिनेछ ।

५. माध्यमिक विद्यालयमा विद्यार्थीको आवास सहितको व्यवस्थापनका लागि विद्यालयलाई छात्रावास व्यवस्थापन बापतको अनुदानको व्यवस्था गरिनेछ ।

६. SEE पश्चात CTEVT अन्तरगत प्राविधिक विषय अध्ययन गर्ने ५ जना विद्यार्थीलाई (प्रत्येक वडाबाट १ जनाका दरले) छात्रवृत्तिको व्यवस्था गरिनेछ।

७. गाउँपालिका अन्तरगतका विद्यालयमा आवश्यकतानुसार उपलब्धि परीक्षा(Achievement Test), तथा कक्षा ८ को परीक्षा केन्द्रीकृत गरी सञ्चालन गरिनेछ ।

८. गाउँपालिका अन्तरगतका माध्यमिक विद्यालयहरूमा स्काउट ट्रुप गठन गर्न प्रोत्साहन गरिनेछ ।

९. गाउँपालिकाद्वारा निर्माण गरिएको विषयगत रोष्टरबाट विद्यालयहरूको नियमित अनुगमन एवम् सुपरीवेक्षण गरी गुणस्तरीय शिक्षा प्रवर्धनमा जोड दिइनेछ ।

१०. बालविकास सहयोगी कार्यकर्ता, विद्यालय कर्मचारी एवम् सामुदायिक सिकाई केन्द्रका परिचालिकाका लागि दिइएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।

११. शैक्षिक पात्रो निर्माण गरी गाउँपालिकाको शैक्षिक कार्यक्रमलाई एकरुपताका साथ अघि बढाइनेछ ।

१२. यस गाउँपालिकामा थान्का हव विकास तथा विस्तारमा विशेष जोड दिइनेछ ।

१३. केन्द्रीकृत परीक्षा तथा राष्ट्रपति रनिङ शिल्ड लगायतका खेलकुदमा सहभागी गराउनका लागि विद्यालयहरूलाई अनुदानको व्यवस्था गरिनेछ।

१४.शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेप मुक्त गराइने छ,विधालयलाई शान्तिक्षेत्र बनाइने छ।

१५.शिक्षालाई उत्पादन काम एवं स्थानीय अर्थतन्त्र र स्थानीय रोजगारी वृद्दिसँग आवद्द गरिने छ।

१६.दलित तथा विपन्न समुदायका जेहेन्दार विधार्थीहरुलाई उच्च शिक्षाको लागि उचित छात्रवृत्तिको व्यवस्था गरिनेछ।

१७. एक विधालय एक नर्स कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ।

१८.सम्पुर्ण विधालयहरुमा जनप्रतिनिधि र पालिका स्तरीय शिक्षा समिति र विज्ञ सहितको अनुगमन गरि विधालयलाई आवश्यक पृष्ठपोषण प्रदान गरिनेछ।

(ख) युवा तथा खेलकुद

१. सम्पूर्ण विधालयमा खेलकुद क्षेत्र विकास गर्ने उद्देश्यले खेल तथा साँस्कृतिक शिक्षक व्यवस्थापन गरिनेछ।

२. स्काउट शिक्षक व्यवस्थापन गर्न आवश्यक नीति कार्यान्वयन गरी आवश्यक प्रोत्साहन व्यवस्थापन गरिनेछ।

३. समग्र विकासलाई सकारात्मक परिणाम दिन शासन प्रक्रियामा युवाको अर्थपुर्ण सहभागीताको लागि प्रोत्साहन गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ र युवा वहशको पैरवीलाई निरन्तरता दिइनेछ।

४. सुनापति, दोरम्वा शैलुङ र खाँडादेवी गा.पा को संयुक्त लागत साझेदारीमा गरिने सुनापति-शैलुङ-अल्ट्रा म्याराथुन संचालन गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ।

(ग) स्वास्थ्यः

१. स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार विकासमा क्रमशः जोड दिईनेछ |

२. मातृ मृत्यु रोक्न बर्थिंग सेन्टरहरुको सबलीकरणमा जोड दिइनेछ, नर्सिङ कर्मचारीहरुलाई नाइट ड्युटी भत्ता समेत को यथोचित व्यवस्था गरिनेछ,स्वास्थ्य सेवाको प्रोटोकल अनुसार पूर्व तथा उत्तर प्रसुती जाँच सेवा लिन र संस्थागत सुत्केरी हुन उत्प्रेरणा जगाउने कार्यक्रमहरु संचालन गरिनेछ |

३. खोप कार्यक्रमलाई सुदृढीकरण गर्न खोप कार्यकर्ताहरुलाई उत्प्रेरणा स्वरूप बाह्य खोप क्लिनिकमा यातायात खर्चको व्यवस्था गरिनेछ |

४. अति गरिव/असहाय/घरवार विहिनहरुको प्राथमिक उपचार व्यवस्थाको लागि यथोचित आर्थिक सहयोग गर्ने नीति लिइनेछ |

५. **मेरो स्वास्थ्य मेरो जिम्मेवारी** अभियानलाई सार्थकता दिन गाउँ गाउँ सम्म विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न घुम्ती जनरल स्वास्थ्य शिविर तथा पाठेघर स्क्रिनिंग शिविरहरु संचालन गर्ने नीति लिईनेछ|

६. यस गाउँपालिकामा जनसंख्या वृद्धिदर रिणात्मक अवस्थामा रहेकोले गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरु बाट दुई वटा भन्दा बढी बच्चा जन्माउने अभिभावकलाई प्रोत्साहन गरिने नीति लिइनेछ।

७. स्वास्थ्य संस्था हरुमा वर्ष भरि निःशुल्क औषधिको अभाव हुन नदिन आवश्यक व्यवस्था गरिनेछ|

८. जनस्वास्थ्यका विभिन्न सूचकहरुको तथ्यगत मापनको आधारमा स्वास्थ्य योजना तर्जुमा गर्न गाउँपालिका स्तरीय स्वास्थ्य प्रोफाइल अद्यावधिक गर्ने नीति लिइनेछ ।

९. स्थापना भईसकेका सामुदायिक स्वास्थ्य ईकाई लगायतका स्वास्थ्य संस्थाहरुलाई क्रमशः सवलिकरण गर्ने नीति लीइनेछ ।

१०. पालिका स्तरीय आधारभूत अस्पताल संचालन गरी सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ|

११.कोभिड १९ लगायत सरुवा रोगहरुबाट आइपर्न सक्ने महामारीजन्य परिस्थिति संग तत्काल प्रतिकार्य गर्न संयन्त्र तथा कोष निर्माण गरी तयारी अवस्थामा रहने व्यवस्था गरिनेछ ।

१२.बाह्य खोप केन्द्र र गाउँघर क्लिनिक संचालन हुने स्थानमा क्रमशः भवन निर्माण लगायत आवश्यक पूर्वाधार व्यवस्थापन गरिनेछ साथै स्वास्थ्य सेवा प्रदान गर्ने कर्मचारीलाई प्रोत्साहनको व्यवस्था गरिनेछ।

१३.गाउँघर क्लिनिकको सेवा नियमित र प्रभावकारी बनाउन स्वास्थ्यकर्मीहरुलाई उत्प्रेरित गर्ने कार्यक्रम ल्याइनेछ ।

१४.नसर्ने रोगहरुको नियमित स्क्रिनिंग गर्ने र रोकथाम तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

१५.मानसिक रोगहरुको रुग्णता दर बढ्दै गईरहेको सन्दर्भमा स्वास्थ्य चौकी तह सम्म मानसिक रोगको उपचार /व्यवस्थापन सम्बन्धी तालिम प्राप्त जनशक्ति क्रमश व्यवस्थापन गर्दै उपचारको व्यवस्था मिलाउने र समय समयमा विशेषज्ञ सेवाको समेत व्यवस्था मिलाइने नीति अवलम्बन गरिनेछ ।

१६.आयुर्वेद उपचार पद्धतिलाई जनस्तरमा पहुँच सुनिश्चित गर्न निःशुल्क आयुर्वेद औषधी वितरणको व्यवस्था गरिनेछ ।

१७.स्वास्थ्य संस्थाहरुलाई सुचना प्रविधि मैत्री बनाउन आवश्यक उपकरणहरु व्यवस्था मिलाइनेछ ।

१८.नागरिकको स्वास्थ्य बिमा सुनिश्चित गर्न र स्वास्थ्य उपचारमा पहुच अभिवृद्दी गर्न गाउँपालिका भित्र रहेका दलित नागरिकहरुको बीमा रकमको ५०% पालिकाबाट व्यहोरिने छ।

१९. गर्भवती महिलाहरुको लागि नियमित Ultrasound को व्यवस्था गर्दे गर्भवती र सुत्केरी महिलाहरुको लागि निःशुल्क प्रदान गर्दे आएको Ambulance सेवा लाई निरन्तरता दिइनेछ।

२०. बाहिर बाट आयातित पेय पदार्थ र जन्क फुडहरुलाई नियन्त्रिण गर्दे स्थानीय उत्पादित खाध्य बस्तुलाई बढवा दिइनेछ।

२१. जनस्वास्थ्यको मापदण्ड सुनिश्चित गर्दे सबै नीतिमा स्वास्थ्य नीति लागु गर्न विषयगत शाखाहरु सँग सहकार्य गरिनेछ।

२२. मानसिक स्वास्थ्य प्रवर्द्धन,आत्महत्याको न्युनीकरण भन्ने अभियानलाई पुरा गर्न मनोसामाजिक स्वास्थ्य सेवालाई निरन्तरता दिइनेछ।

२३. नागरिकहरुलाई शारीरिक, मानसिक, सामाजिक र आध्यात्मिक रुपमा आरोग्य राख्नका निम्ति योगगुरु कार्यक्रम सञ्चालन गरिनेछ।

२४.अगामी ३ वर्ष भित्र पोषण मैत्री स्थानीय तह घोषणा गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

(घ)महिला तथा बालबालिका तर्फः

१. “**सुनापति गाउँपालिकाको सरोकार, महिला पुरुष समान अधिकार** ” भन्ने नाराका साथ महिलाहरुलाई समान अधिकार र अवसर दिई लैङ्गिक समानता, समावेशीकरण तथा सामाजिक न्यायको सुनिश्चितता दिने कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
२. गाउँपालिकालाई बाल विवाह मुक्त बनाउन बालविवाह विरुद्ध सचेतना कार्यक्रमलाई निरन्तरता दिई कार्यक्रम सञ्चालन गरिनेछ ।
३. सामाजिक तथा पूर्वाधार विकासमा लैङ्गिक सहभागिता लाई अर्थपुर्ण बनाउन महिलाको सचेतना सम्बन्धि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै सहभागिताको सुनिश्चित गर्न नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ।
४. महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषदको राष्ट्रिय कार्ययोजना माथिल्लो निकाय सँग पारस्पारिक सहकार्य र समन्वय गरी कार्यान्वयनमा ल्याइनेछ।

५. “बालबालिका भविश्यको कर्णधार मात्र हैनन् वर्तमानका साझेदार पनि हुन” भन्ने नारालाई कार्यान्वयनमा ल्याई बालक्लब मार्फत बालबालिका लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
६. दिगो विकासका लक्ष्य “लैङ्गिक समानता” कायम गर्न बालविवह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत तथा दाइजो प्रथा,बालश्रम, मानव बेचविखन, बोक्सी आरोप जस्ता सामाजिक कुरीति र अन्धविश्वास अन्त्य गर्न /गराउन सबै वडा कार्यालयहरुलाई सक्रिय गराई कार्यक्रम संचालन गरिनेछ ।
७. जोखिम तथा परिवारिक हिंसामा परेका महिला, बालबालिका, किशोर किशोरी, अपाङ्ग, अनाथ, टुहुरा, बालबालिका लगायत अभिभावक विहिन नागरिकको संरक्षण तथा क्षमता विकास गर्न सामुदायिक र नीजि क्षेत्रलाई समेत परिचालन गरी कार्यक्रम निर्माण गरिनेछ ।
८. अपाङ्गहरुलाई सक्षम र स्वाबलम्बी बनाउन अपाङ्ग साहयक सामग्री तथा सिपमुलक तालिमको व्यवस्था गरिनेछ ।
९. गृहणी महिलाहरुलाई आयआर्जन गरी आत्मनिर्भरता बनाउन सिपमूलक तालिमको व्यवस्था गरिनेछ ।

१०.महिला संजाल, जेष्ठ नागरिक संजाल, अपाङ्ग संजालको गठन , संचालन तथा व्यवस्थापन गरिनेछ ।

११.सुनापति गाउँपालिकालाई बालमैत्रि स्थानीय शासन आगामी २ वर्ष भित्र घोषणा गरिनेछ।

**गाउँसभा सदस्यज्यूहरु,**

**३.पूर्वाधार विकास क्षेत्र**

**(क)योजनाः**

१. आवधिक योजनाको अधावधिक गरी त्यसको प्रभावकारी कार्यान्वयन बाट योजना र बजेट बीच तादात्म्य कायम गरिने छ।
२. गाउँपालिका स्तरीय गौरवको आयोजनाहरु समयमै सम्पन्न गर्न कानुनी तथा वितिय व्यवस्था गरिनेछ।
३. योजना छनौट गर्दा यथासम्भव आवधिक योजना ,संघ र प्रदेशको मार्गदर्शन एवं विगतको अनुभव , नागरिकको माग,प्राथामिकता र अपेक्षालाई मध्यनजर गरिनेछ।
४. उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजना र कार्यक्रमहरुमा महिला , युवा तथा अपाङ्गता भएका व्यक्तिहरुको नेतृत्वदायी भूमिकालाई प्राथमिकता असल अभ्यासलाई निरन्तरता दिईनेछ।
५. उपभोक्ता समितीहरुलाई अभिमुखीकरण गोष्ठीको माध्यमबाट क्षमता विकासको अवसर प्रदान गरिनेछ जसले गर्दा योजना संञ्चालन र भुक्तानीलाई हैरानी मुक्त पार्न सहज हुने ।

६. पहिलो चरणको योजनाको लागत इस्टिमेट,सम्झौता र कार्यदेशको कार्य प्रथम चौमासिक अवधिमा सम्पन्न गरिनेछ।

७. उपभोक्ता समितिको कार्यविधि पूर्ण कार्यान्वयन गरी स्रोत साधनको दुरुपयोग हुनबाट रोक्न प्रभावकारी अनुगमन प्रणाली अवलम्बन गरिदै आएको कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

८. विकास कार्यक्रम तथा आयोजनाको अनुगमन तथा मुल्याङकन प्रणालीलाई सूवना प्रविधिमा आधारित र नतिजामुलक बनाइनेछ।

(ख)पूर्वाधारः

१.समग्र आर्थिक-सामाजिक विकास एवम् व्यापार सहजीकरण लागि सडक पुर्वाधारलाई गुणस्तरीय र सुरक्षित बनाइनेछ।

२. **एक टोल एक पोखरी निर्माण, पानीको स्रोत वृद्धि गर्ने अभियान**लाई सार्थकता दिन टोल स्तरमा रहेका वन जंगल क्षेत्रमा पोखरी निर्माण अभियानलाई अगाडि बढाइने छ।

३.पूर्णसिङको घरडाँडा देखि सुनापतिसम्म सडक योजनालाई निरन्तरता दिईने छ।

४.कामाखोला चौरीखोला सामुदायिक खानेपानी योजनालाई निरन्तरता दिईने छ।

५.पालिकाको सम्पुर्ण पर्यटकीय स्थलहरु जोड्ने पर्यटकीय मार्ग निर्माण गरिनेछ।

६.पालिकाभर ५ वटै वडामा स्वच्छ, गुणस्तरीय र भरपर्दो खानेपानी सुविधा उपलब्ध हुनेगरी खानेपानीका कार्यक्रम कार्यान्वयन गरिनेछ।

७.दिगो विकासको लक्ष्य “सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता” सुनिश्चित गर्ने उद्देश्यले “एक घर एक धारा” कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

८.सुक्दै गइरहेका पानीका स्रोत संरक्षण र पुनःस्थापना गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

९.सुनापति गाउँपालिकाको सम्पुर्ण वडाहरु बाट पालिका केन्द्र सम्मको सडकहरुलाई स्तरोन्नती गर्दे वातावरण मैत्री बनाइनेछ।

१०.खानिखोला पालिका लिफ्ट खानेपानी योजनालाई निरन्तरता दिइनेछ।

११.गुन्सी भदौरे लिफ्ट खानेपानी योजनालाई निरन्तरता दिइनेछ।

१२.सादीडाँडा कामा सक्षम चौतारा २ नं वडा कार्यालय मानपुर अलमपुर सडक स्तरोन्नति गरिनेछ।

१३.”सुरक्षित शहर तथा मानव बसोबास” भन्ने दिगो विकासको लक्ष्य कार्यान्वयन गर्न सडक तथा सार्वजनिक मापदण्ड ऐन र यातायात गुरुयोजना प्रभावकारी रुपमा कार्यान्वयन गरी नक्शा पास गरी भवन निर्माण गर्ने कार्य तथा सडक निर्माण कार्यलाई व्यवस्थित बनाइनेछ।

**गाउँसभा सदस्यज्यूहरु,**

**४.वातावरण तथा विपद व्यवस्थापन विकास क्षेत्रः**

१. सामुदायिक र कवुलियती वनका उपभोक्ताहरुलाइ सशक्तिकरण गरी **“म जोगाउँछु मेरो वन"** भन्ने नारामा कार्य गरिनेछ ।

२. जलवायुजन्य जोखिम तथा प्रकोप न्युनीकरण र अनुकूलनको लागि स्थानीय अनुकूलन कार्ययोजना निर्माण गरि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

३. सुनापति गाउँपालिका भित्र दर्ता भएर उपभोगमा रहेका सामुदायिक र कवुलियती बनहरुलाई सूचीकरण गरिनेछ ।

४. सामुदायिक र कवुलियती वनका पदाधिकारी तथा उपभोक्ताहरुलाई वन व्यवस्थापन तालिम प्रदान गरिनेछ ।

५. विगतका वर्षहरुमा धेरै डढेलो लागेर धन, जन र वनमा पुगेको क्षेतिको पुनर्भरणका लागि वनमा फलफुल लगायतको विरुवा रोपण कार्य गरिनेछ ।

६. **सुनापतिको शान, डढेलो विरुद्ध हाम्रो अभियान** भन्ने नाराका साथ हरित स्यवंसेवक परिचालन गरिनेछ ।

७. विपद्को वेला खोज तथा उद्धारमा प्रयोग गरिने औजार तथा सामग्रीहरु खरिद गरि गाउँपालिका स्थीत आपतकालिन कार्यसंचालन केन्द्रमा राखिनेछ ।

८. आगो तथा डडेलो नियन्त्रणका लागि आवश्यक पर्ने उपकरणहरु खरिद गरी व्यवस्थापन गरिनेछ ।

९. विगत देखि प्रदान गर्दै आएको विपद् प्रभावितहरुलाई प्रदान गर्दै आएको आर्थिक सहायतको दायरामा पुनरावलोकन गरिनेछ ।

१०. गाउँपालिकामा नियमित बसोवास गर्ने युवाहरुलाई रुचीको आधारमा खोज तथा उद्धार तालिम संचालन गरिनेछ।

११.गाउँपालिका भित्रका मुख्य मुख्य सडकहरुमा वाढी वा पहिरोबाट हुने अवरोध हटाउन विशेष कोषको व्यवस्था गरिनेछ । यसका कारण गाउँपालिका भित्रका मुख्य सडकहरुमा यातायात रोकीने समस्या रहने छैन।

१२.विपदबाट घर तथा आवासमा क्षति भइ बस्न नमिल्ने भएको अवस्थामा अस्थायी आवास व्यवस्था गर्नको लागि त्रिपाल लगायत लत्ताकपडा र रासन सहित आकस्मिक राहत प्याकेज कार्यान्वयनमा ल्याईनेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

**संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र**

**(क)प्रशासन**

१. गाउँपालिकाको कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्मण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, कृषि लगायतका विविध विषयमा जनतालाई सुशासनको प्रत्याभुति दिन चौमासिक रुपमा सार्वजनिक सुनुवाई गरिने छ।

२. गाउँपालिकाको कार्यालयमै आएर लिनुपर्ने सेवालाई जनताको घरदैलोमा पुर्याउने उदेश्यले वर्षमा २ पटक एकीकृत घुम्ती शिविर सञ्चालन गरिने छ।

३. गाँउपालिका केन्द्रमा कार्यरत कर्मचारीहरुलाई उपयुक्त समय मिलाई वर्षमा एक पटक अन्य स्थानीय तह, सरकारी निकायबाट भएका विकास निर्माणको गतिविधि, सार्वजनिक सेवा प्रवाहको अवस्थाको अनुभव हासिल गर्न ७ दिन (सात) सम्मको अवलोकन भ्रमणको व्यवस्था मिलाईने छ।

४. सुनापति, खाँडादेवी र दोरम्बा शैलुङ गाउँपालिकाको लागत साझेदारीमा गा.पा मा कार्यरत कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गर्न तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

५. गाउँपालिकाको प्रत्येक महिनाको आय व्ययको खर्च सार्वजनिक गर्ने परिपाटी बसालिनेछ ।

६. बिषयगत समितिलाई सकृय बनाई समष्टिगत कार्यक्रम तर्जुमामा सार्थक भुमिका खेल्ने गरि क्षमता विकास गरिनेछ।

**(ख)सूचना प्रविधिः**

१. हाल गाउँपालिका कार्यालयमा प्रयोगमा ल्याइएको विधुतीय हाजिर प्रणालीलाई क्रमश वडा कार्यालय स्वास्थ्य संस्था र विधालयहरुमा जडान गरिदै लगिनेछ।

२. यसै आ.व. देखि गाउँपालिका सबै कार्यालयहरुमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) लागु गरी कागजको प्रयोग क्रमशः कम गरिदै लगिने नीति अवलम्बन गरिनेछ।

३. सार्वजनिक सेवा प्रवाहमा नागरिकको सरल र सहज पहुँच वृद्धि गर्न आधुनिक सूचना प्रविधिको प्रयोगमा वृद्धि गरिनेछ।
४. गाउँपालिकाको तथ्याङ्क तथा विवरणलाई अध्यावधिक गर्न डिजिटल डाटा संकलन गरी डिजिटल प्रोफाइल तयार गरिनेछ।
५. गाउँपालिका तथा वडा कार्यालयहरुमा सेवाग्राहीको सहजता तथा सुलभताका लागि निशुल्क इन्टरनेट हटस्पट सेवा सञ्चालन गरिनेछ।
६. सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउनका लागि अनलाइन दर्ता प्रणाली सेवा सञ्चालनमा ल्याइनेछ।

**(ग) न्यायिक समिति;**

१. न्यायिक समितिमा आउने विवादहरुलाइ समाधान गर्नको लागी मेलमिलाप केन्द्र संचालन र व्यवस्थापन गरिनेछ ।
२. पालिका तथा वस्तीस्तरमा न्याय सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
३. प्रत्येक विद्यालयहरुमा न्याय सम्बन्धी कार्यक्रम गरिने व्यवस्था मिलाइने छ ।
४. न्यायिक समिति/मेलमिलापकर्ता /प्रहरी /जनप्रतिनिधि र अन्य सरोकारवाला पक्षहरुसंग मेलमिलाप सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिनेछ ।
५. गरिबी असहाय तथा पिछडिएका व्यक्तिहरुका लागि निशुल्क कानूनी परामर्श तथा सहयोग उपलब्ध गराइनेछ ।
६. मेलमिलाप केन्द्रहरुको अनुगमन गर्ने कार्यलाइ प्रभावकारी बनाइनेछ।

**(घ)सामाजिक सुरक्षा तथा पञ्जीकरणः**

१. यस गाउँपालिका भित्र बसोबास गर्ने ५० वर्ष पुरा भएका एकल पुरुष तथा विवाह नगरि बसेका वृद्धा कन्याहरुको लागि मासिक १०००(अक्षरुपी एक हजार) का दरले दिदै आएको भत्तालाई यस वर्षपनि निरन्तरता दिइने छ।

२. जेष्ठ नागरिक भनेका जिउँदो इतिहास हुन त्यसैले सुनापति गाउँपालिकाको सबैभन्दा जेष्ठ नागरिकलाई जेष्ठ मातापिता सम्मान कार्यक्रम गरि सम्मान गरिनेछ।

३. “सुनापति गाउँपालिकाको सरोकार महिला पुरुष समान अधिकार ” भन्ने नाराका साथ महिलाहरुलाई समान अधिकार र अवसर दिई लैङ्गिक समानता, समावेशीकरण तथा सामाजिक न्यायको सुनिश्चितता दिने कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

४. गाउँपालिकालाई बाल विवाह मुक्त बनाउन बालविवाह विरुद्ध सचेतना कार्यक्रमलाई निरन्तरता दिई कार्यक्रम सञ्चालन गरिनेछ ।

५. “बालबालिका भविश्यको कर्णधार मात्र हैनन् वर्तमानका साझेदार पनि हुन” भन्ने नारालाई कार्यान्वयनमा ल्याई बालक्लब मार्फत बालबालिका लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६. बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत तथा दाइजो प्रथा,बालश्रम, मानव बेचविखन, बोक्सी आरोप जस्ता सामाजिक कुरीति र अन्धविश्वास अन्त्य गर्न /गराउन सबै वडा कार्यालयहरुलाई सक्रिय गराई कार्यक्रम संचालन गरिनेछ ।

७. ९० वर्ष भन्दा माथिका जेष्ठ नागरिक तथा पूर्ण अपाङ्गहरुलाई सामाजिक सुरक्षाभत्ता घर घरमा पुर्‍याइने छ ।

८. जोखिम तथा परिवारिक हिंसामा परेका महिला, बालबालिका, किशोर किशोरी, अपाङ्ग, अनाथ, टुहुरा, बालबालिका लगायत अभिभावक विहिन नागरिकको संरक्षण तथा क्षमता विकास गर्न सामुदायिक र नीजि क्षेत्रलाई समेत परिचालन गरी कार्यक्रम निर्माण गरिनेछ ।

९. अपाङ्गहरुलाई सक्षम र स्वाबलम्बी बनाउन अपाङ्ग साहयक सामग्री तथा सिपमुलक तालिमको व्यवस्था गरिनेछ ।

१०. महिल संजाल, जेष्ठ नागरिक संजाल, अपाङ्ग संजालको गठन , संचालन तथा व्यवस्थापन गरिनेछ ।

११. सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नविकरण गर्न ब्योम्याट्रिक प्रणाली लागु गरिनेछ ।

१२.जेष्ठ नागार्रिकहरुको समय समयमा स्वास्थ्य जाँच गर्ने कार्यक्रम गरिनेछ ।

१३.व्यक्तिगत घटनादर्ता घटना घटेको ३५ दिन भित्रै दर्ता गर्नको लागि व्यक्तिगत घटनादर्ता सप्ताह कार्यक्रम संचालन गरिने ।

१४.सुनापति गाउँपालिकालाई बालमैत्रि स्थानीय शासन आगामी २ वर्ष भित्र घोषणा गन

(ङ) राजश्व शाखाः

१."**हाम्रो कर नियमित तिर्छौंः सुनापति समृद्ध बनाइछाडछौ**" भन्ने उदघोसका साथ गाउँपालिका क्षेत्रमा कर सहभागिता अभियान सञ्चालन गरिनेछ।
२.गाउँपालिका भित्र सबै भन्दा बढी कर तिर्ने करदातालाई सम्मान कार्यक्रम संचालन गरी कर सहभागितामा जोड दिइनेछ।
३.गाउँपालिकाको आन्तरिक आम्दानीका श्रोतहरु पहिचान गर्ने विशेष कार्यक्रमहरु संचालनमा गाउँपालिकाबाट जोड दिइनेछ।
४.कर संकलन कार्य प्रभावकारी बनाउन प्रयोग गरीएको सूचना प्रविधि मैत्री नीति अवलम्बन गरी अनलाईन प्रणालीलाई निरन्तरता दिईने छ।
५.कर दातालाई सहजताको लागि व्यवसाय दर्ता तथा नवीकरण शिविर कम्तीमा यस आर्थिक वर्षमा ३ पटक संचालन गरिनेछ ।
६.राजश्व सुधार गर्नका लागि राजश्व सुधार कार्ययोजनाको अध्यावधिक गरिनेछ भने करको दरलाई सेवाग्राहीको हित अनुकुल बनाउँदै करको दायरा बढाउने नीति लिइनेछ।
७. बजारबाट गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्न र उपभोक्ताहरुको संवैधानिक अधिकार प्रत्याभुति गर्न नियमित र व्यवस्थित रुपमा बजार अनुगमन गरिनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु,**

- यस पालिकाबाट सबै प्रदेश सरकारहरु र संघीय सरकारबीच सहकार्यता , सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रही कार्यहरु सम्पादन गरिनेछ ।
- यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको निम्ति सङ्घीय सरकार प्रदेश सरकार र सरोकारवाला सबैका सक्रिय सहभागिता र सहयोगको अपेक्षा गरेको छु।

अन्त्यमा" साँस्कृतिक र भौतिक क्षेत्रको दिगो विकास गरि ,सामाजिक ,आर्थिक , गरिबीबाट उन्मुक्ति र सुनापतिको समृद्ध गर्न यो नीति तथा कार्यक्रम परिलक्षित रहेको छ।यो नीति तथा कार्यक्रमको कार्यान्वयनमा यस गाउँपालिकालाई सबै बाट पूर्ण सहयोग हुने विश्वास व्यक्त गर्दछु। गाउँसभाका सदस्यज्यूहरु लगायत सबैलाई स्थानीय कानून निर्माण र पालिकाको विकासमा देखाउनु भएको चासो र सुझावका लागि धन्यवाद दिन चाहन्छु।

अन्त्यमा यस गाउँपालिकाको समग्र विकासमा योगदान पुऱ्याउने राजनीतिक दल ,राष्ट्रसेवक कर्मचारी , ,नागरिक समाज ,श्रमिक वर्ग ,निजी क्षेत्र र सामुदायिक क्षेत्र ,सुरक्षाकर्मी आमसञ्चार लगायत सम्पूर्ण दिदी बहिनी तथा दाजुभाईहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। धन्यवाद।